निक्षेप तथा कर्जा सुरक्षण कोष
Deposit & Credit Guarantee Fund
(नेपाल सरकारको पूर्ण स्वामित्वमा स्थापित)

"ऋण र धन, दुवैको सुरक्षण"

अंक ४ वर्ष २ (कार्तिक २०८१)

निक्षेप तथा कर्जा सुरक्षण कोषको अर्धवार्षिक वुलेटिन

३६ औं एसिक सम्मेलन आयोजना

निक्षेप तथा कर्जा सुरक्षण कोष सदस्य रहेको कर्जा सुरक्षण गर्ने संस्थाहरुको संगठन Asian Credit Supplementation Institution Confederation (ACSIC) को ३६ औं सम्मेलन मिति २०८१ असोज ४ देखि ९ गते सम्म काठमाडौंमा

आयोजना भयो । उक्त सम्मेलनको उद्घाटन उपप्रधानमन्त्री एवम् अर्थमन्त्री विष्णु प्रसाद पौडेलले गर्नु भयो । सम्मेलनमा गर्भनर महाप्रसाद अधिकारी विशेष अतिथिको रुपमा रहनु भएको थियो ।

अर्थमन्त्री पौडेलले कर्जा प्रवाह अर्थतन्त्रको विकास र विस्तारका लागि अत्यावश्यक रहेको उल्लेख गर्नु भयो । साथै, उहाँले कोषले नवप्रवर्तन र स्टार्टअप कर्जामा पहुँच पुऱ्याउन महत्वपूर्ण भूमिका खेलेको र सर्वसाधारणको निक्षेप सुरक्षाका लागि कोषले प्रभावकारी भूमिका निभाएको बताउनु भयो । सम्मेलनको आयोजनाबाट नवप्रवर्तनमा जोड दिनुपर्ने आवश्यकता औंल्याउँदै मन्त्री पौडेलले साना व्यवसायीलाई वित्तीय पहुँच पुऱ्याउन कोषले निर्वाह गरेको भूमिकाको प्रशंसा

›› बाँकी पृष्ठ २

यस भित्र

- ५१ औं वार्षिकोत्सव समारोह
- कोषको सञ्चालक समिति सदस्यमा परिवर्तन
- औद्योगिक व्यवसाय विकास प्रतिष्ठानको सहयोगमा कोषको अन्तरक्रियात्मक कार्यक्रम
- लघुवित्त तथा वित्तीय संस्थाका उच्च पदाधिकारीसँग कोषको अन्तरक्रियात्मक कार्यक्रम
- एसिकको ३२ औ तालिम कार्यक्रममा सहभागिता
- IADI-EARC को वार्षिक बैठक कार्यक्रममा सहभागिता
- कोषको वार्षिक प्रकाशन "सञ्जिवनी" प्रकाशन
- तालिम कार्यक्रमको आयोजना
- कर्जा तथा पशुधन सम्बन्धी गोष्ठी
- विभिन्न बैंक तथा वित्तीय संस्थाहरुसँगको कर्जा सुरक्षण सम्झौता

सम्पादकीय-एसिक सम्मेलनले देखाएको बाटो

निक्षेप तथा कर्जा सुरक्षण कोषले ACSIC (Asian Credit Supplementation Institution Confederation) को ३६ औं सम्मेलन सफलताका साथ सम्पन्न गरेको छ । कोषले एसिक सम्मेलन दोस्रो पटक आयोजना गरेको हो । ३० वर्षअघि (वि.सं. २०५१मा) कोषले “The role of Credit Guarantee System” विषयक एसिकको ७ औं सम्मेलन आयोजना गरेको थियो ।

एशियाका कर्जा सुरक्षण सेवा प्रदान गर्ने संस्थाहरुको साझा संगठन एसिकको स्थापना १९८७ मा भएको हो । कोष एसिकको संस्थापक सदस्यहरु मध्ये एक हो । यसमा १४ देशका १९ कर्जा सुरक्षण गर्ने संस्थाहरु आवद्ध छन् । यसको मुख्य उद्देश्य साना र मझौला उद्यमहरुको वित्तीय पहुँच सुधार गरी आर्थिक विकासलाई प्रवर्द्धन गर्नु हो । कर्जा सुरक्षण सम्बन्धी सहकार्य र अनुभवको आदानप्रदान यस सम्मेलनको अर्को महत्वपूर्ण पक्ष हो ।

"Financing Innovations for Economic Growth" विषयक यस सम्मेलनले आर्थिक समृद्धि र साना व्यवसायलाई सशक्त बनाउन नयाँ उपायहरू र सहकार्यका अवसरहरू खोज्न महत्वपूर्ण भूमिका निभाएको छ। एसिक सम्मेलनले नयाँ कर्जा सुरक्षण कार्यक्रमहरूको विकास, कर्जा सुरक्षण व्यवस्थापनका लागि मानव संशाधन सँगसँगै सूचना प्रविधिको प्रयोग, स्टार्टअपमा लगानी र यसका चुनौती, हरित वृत्त र पर्यावरण संरक्षणमा लगानी र वित्तीय पहुँच सुधार गर्ने उपायहरूका सम्बन्धमा जोड दिएको छ। एसियाली क्षेत्रका साना र मझौला व्यवसायहरूको लागि वित्तीय पहुँच सुधार गर्ने, सहकार्य र ज्ञान आदानप्रदानलाई प्रवर्दधन गर्ने र दीगो विकासको क्षेत्रमा अगाडि बढ्ने सम्बन्धमा यस सम्मेलनले प्रभावकारी कदम उठाएको छ । क्षेत्रीय सहकार्य र साझेदारीको माध्यमबाट हामी सबैको आर्थिक प्रगति र समृद्धि सुनिश्चित गर्न सक्छौं भन्ने कुरालाई यस सम्मेलनले स्पष्ट पारेको छ।

एसिकको यस सम्मेलन सफलतापूर्वक सम्पन्न गरी कोषले नेपालका सार्वजनिक निकायहरु माझ आफूलाई अब्बल सावित गरेको छ । कोष सिर्जनशीलता तथा नविनताको दिशामा अघि बढ्दै संस्थागत रुपान्तरणको चरणमा प्रवेश गरेको विषयलाई समेत यसै सम्मेलनले प्रष्ट पारेको छ । वास्तवमा यस सम्मेलनले उठाएका विषयवस्तु र आयोजनाको तयारीले कोषप्रति हेर्ने आम दृष्टिकोण नै परिवर्तन भएको महसुस गरिएको छ। अन्तर्राष्ट्रिय जगतमा समेत यस विषयले कोषको गरिमा उच्च बनाएको छ। सहभागीहरुको पृष्ठपोषण, सरोकार निकाय एवम् सञ्चार माध्यमको बढ्दो चासो आदिलाई मध्यनजर गर्दा समेत कोषको ख्याति बढेको विषयलाई उजागर गर्दछ। कोषले यस किसिमको क्रियाकलापमा आगामी दिनमा समेत जोड दिई कोषको गरिमा बढाउँदै लक्ष्य प्राप्तिको दिशामा अघि बढ्नु वर्तमानको आवश्यकता हो ।

अन्त्यमा, यस अन्तर्राष्ट्रिय सम्मेलन आयोजना गर्नका लागि साथ, सहयोग तथा सहकार्य गर्नुहुने सम्पूर्ण पक्षलाई धन्यवाद दिन चाहन्छौं । साथै, यस बुलेटिन प्रकाशनमा प्रत्यक्ष परोक्ष सहयोग गर्नुहुने सम्पूर्णमा समेत कृतज्ञता व्यक्त गर्दछौं ।

गर्दै कोषले धितो पर्याप्त नभएका व्यवसायीहरूलाई पनि कर्जा लिन प्रोत्साहन गरेको र यसले अर्थतन्त्रमा सकारात्मक प्रभाव पारेको बताउनुभयो ।

नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले सम्मेलनलाई सम्बोधन गर्दै निक्षेप सुरक्षण योजनालाई परिस्कृत गर्नुपर्ने आवश्यकता भएको औंल्याउनु भयो। उहाँले बैंकिङ समस्याको समाधानमा निक्षेप बिमाको प्रभावकारीता र एसियाली मुलुकका साना नवप्रवर्तनकारी संस्थाहरूको लागि कर्जाको महत्वको चर्चा गर्नुभयो । साथै, लघुवित्त कार्यक्रमले वित्तीय पहुँच र सामाजिक न्यायमा पुऱ्याएको योगदानको चर्चा गर्दै कोषको भूमिका प्रभावकारी रहेको उहाँले बताउनुभयो ।

एसिकको दोस्रो दिनको उद्घाटन सत्रमा प्रधानमन्त्रीका मुख्य आर्थिक सल्लाहकार, पूर्वअर्थमन्त्री एवं पूर्वगभर्नर डा. युवराज

खतिवडाले नेपालमा निकै कम अर्थात १८ प्रतिशतले मात्र बैङ्क तथा वित्तीय संस्थाबाट कर्जा लिने गरेको जानकारी दिनु भयो। बैङ्क तथा वित्तीय संस्थाले महिलालाई कर्जा प्रवाह गर्दा प्रतिफलको दर उच्च हुने र महिलाहरूमा धितो राख्ने सम्पत्ति कम हुने गरेकाले ऋण लिएर काम गर्ने अवस्था नभएको बताउनु भयो । समृद्ध राष्ट्र बन्नका लागि महिलासहित सुविधाबाट वञ्चित समुदाय सबै वर्गमा कर्जाको पहुँच सहज बनाउनुपर्ने धारणा उहाँले व्यक्त गर्नु भयो ।

सम्मेलनको पहिलो 'नवप्रवर्तनमा लगानी : कर्जा सुरक्षण संस्थाको भूमिका' विषयक सत्रका सहभागीले नवप्रवर्तन र उद्यमशीलतामा कर्जा सुरक्षणको आवश्यकता सहित आफ्नो देशको अभ्यास र अनुभव आदानप्रदान गरेका थिए। कोरिया कर्जा सुरक्षण कोष (कोडिट) का नीति सल्लाहकार जुंगिन योनले कोडिटले नयाँ सोच र योजना भएका तर वित्तीय रूपमा अप्ठेरोमा परेका उद्यमीमा लगानी गरेको बताउनु भयो। मलेसियाली क्रेडिट ग्यारेन्टी कर्पोरेसन (सीजीसी) का प्रमुख कार्यकारी अधिकृत मोहम्मद इसकले मलेसियाका साना तथा मझौला उद्योग (एसएमई) मध्ये एक तिहाईलाई सीजीसीले

सहयोग गरिरहेको बताउनु भयो । खासगरी सुरक्षा, वित्तीय व्यवस्था र आवश्यक अन्य काममा सहयोग गरिरहेको उहाँले जानकारी दिनु भयो ।

त्यस्तै फिलिफिन्सको कर्जा सुरक्षण निकाय फिलिपिन ग्यारेन्टी कर्पोरेसन (फिलग्यारेन्टी) का वरिष्ठ उपाध्यक्ष सेल्सो गुटिअरेजले फिलिपिन्सको नवप्रवर्तन सम्बन्धी कानुन र कार्यक्रमहरूले साना उद्योगीको विकासलाई निरन्तरता दिन सहयोग गर्दै आएको जानकारी दिनु भयो । उहाँले फिलग्यारेन्टीले ग्रामीण विकासका माध्यमबाट देश विकासको प्रयास गरिरहेको र कर्जा सुरक्षणका लागि सहरी क्षेत्र बाहिरका मानिसलाई आवेदन दिन प्रोत्साहित गरेको जानकारी दिनु भयो ।

त्यसैगरी ताइवानको एसएमई क्रेडिट ग्यारेन्टी फन्ड (टीएसएमईजी) का युसिन कुओले टीएसएमईजीले एसएमईलाई जुनसुकै अवस्थामा पनि सहयोग गर्दै आइरहेको र सरकार र बैंकसँगको सहकार्यमा उद्यमीलाई सहयोग गरिरहेको जानकारी राख्नु भयो।

दोस्रो सत्रमा स्ट्यान्डर्ड चार्टर्ड बैंक नेपालका सीईओ अनिर्वाण घोष दस्तीदारले स्टार्टअप र एमएसएमई बढिरहेको क्षेत्र/स्थानमा क्रेडिट ग्यारेन्टीको काम अझ महत्वपूर्ण भएको बताउनु भयो । नेपालमा २७ प्रतिशत जनसंख्यामा बैंकको पहुँच पुग्न बाँकी रहेको र वित्तीय पहुँचलाई समावेशी बनाउन पर्याप्त अवसर भएको उल्लेख गर्नु भयो। सोही क्रममा उहाँले नेपालमा उदीयमान र विस्तार हुँदै गएकाले स्टार्टअपहरूसँगै आर्थिक सम्भावना बढाउन क्रेडिट ग्यारेन्टीको आवश्यकता बढी रहेको धारणा राख्नु भयो ।

सम्मेलनको तेस्रो सत्रमा नवप्रवर्तन फाइनान्सिङमा एसियाली देशका उत्कृष्ट अभ्यासबारे छलफल भएको थियो। उक्त सत्रमा क्रेडिट ग्यारेन्टी कर्पोरेसन अफ कम्बोडिया (सीजीसीसी) डेपुटी प्रमुख कार्यकारी अधिकृत लिडा नोले विशेषगरी साना तथा मझौला उद्योग र अन्य व्यवसायलाई सहयोग गर्ने उद्देश्यले कर्जा र बन्ड ग्यारेन्टी आफ्नो संस्थाले प्रदान गर्दै आएको बताउनु भयो ।

जापान फाइनान्स कर्पोरेसन (जेएफसी) का वरिष्ठ अर्थशास्त्री योहेई यामागुचीले सन् २०२७ सम्ममा नवप्रवर्तनको क्षेत्रमा लगानी बढाएर ७ अर्ब अमेरिकी डलरभन्दा बढी पुऱ्याउने उद्देश्यले जापानी सरकारले पाँच वर्षे विकास योजना ल्याएको जानकारी गराउनु भयो । उहाँका अनुसार स्टार्टअप संख्या र गुणस्तरमा उल्लेख्य वृद्धि गर्ने उक्त योजनाको लक्ष्य छ । जापानका वाणिज्य बैंकहरूले बिजनेसलाई प्रोत्साहन गर्दा अन्य देशका तुलनामा इक्विटी फाइनान्स मार्केटको क्षेत्रमा विकास कम भएको देखिएको र जेएफसी जस्ता संस्थाबाट नवप्रवर्तन र साना तथा मझौला उद्यम एसएमईलाई प्रोत्साहन गर्न सरकारले हस्तक्षेप गर्नुपर्ने देखिएको बताए ।

चौथो सत्रका वक्ता भारत हैदरावादस्थित फिनटेक कम्पनी टी-हबका सल्लाहकार सञ्जय ठाकुरले एसियाली क्षेत्रमा कर्जा सुरक्षाले साना तथा मझौला उद्योगलाई विस्तार गर्न सहयोग पुग्ने बताउनु भयो । तर, कर्जा सुरक्षा योजना वास्तविक समस्यामा केन्द्रित हुनुपर्ने उहाँको भनाइ थियो। जापानका ५१ क्षेत्रमा ५१ प्रकारकै कर्जा सुरक्षण योजना रहेको उल्लेख गर्दै उहाँले यसबाट पनि एसियाली देशले पाठ सिक्नुपर्ने बताएका थिए।

सम्मेलनको तेस्रो दिनको छलफलमा नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर बमबहादुर मिश्रले एस.एम.इ.हरूले अहिले धेरै चूनौती र बाधाको सामना गर्नु परेको बताउनु भयो । उहाँले कर्जा सुनिश्चित गर्ने संस्थाले ऋणको माग र आपूर्तिबीचको

खाडल पुर्न महत्वपूर्ण भूमिका खेल्दै आएका धारणा व्यक्त गर्नु भयो । यस्ता संस्थाले केन्द्रीय बैंकसँगको सहकार्यमा सबै क्षेत्रमा दिगो वृद्धि हुने किसिमले काम गर्नुपर्ने समेत औल्याउनु भयो ।

सम्मेलनको पाँचौ सत्रमा इन्डोनेसियाको कर्जा सुरक्षण गर्ने संस्था एसिपिन्डोका विज्ञ नुर श्यामसुदादील इन्डोनेसियाली सरकारले साना तथा मझौला उद्यमको वित्तीय साक्षरता बढाउने अभियान सञ्चालन गरी ८० प्रतिशतभन्दा बढी उद्यमको कर्जा योग्यता बढाउने काम गरेको बारे चर्चा

गर्नु भयो । जेएफजीका कार्यकारी निर्देशक हातानोले यस्ता उद्यममा डिजिटल प्रविधिको विकासले ल्याएको चुनौती अवसरबारे प्रकाश पारेका थिए ।

छैटौं सत्रमा एसियाली नविनतम वित्त व्यवस्थाका सफल उदाहरणबारे चर्चा गरिएको थियो । छलफलमा कोरिया कर्जा सुरक्षण कोष (कोडिट) का नायव निर्देशक किमले एआइमा आधारित बस प्रणाली (जसले साना तथा मझौला व्यवसायलाई आफ्नो कर्जाको योग्यता तत्कालै जाँच्ने सजिलो प्रविधिको विकास गरेको छ) र वित्तीय सेवाबारे चर्चा गर्नु भयो । पर्यटन र उर्जाका विभिन्न किसिमका उद्यममा सघाउने फिल ग्यारेन्टीको प्रयासलाई पनि आर्थिक स्थिरता बढाउने बलियो उदाहरणबारे फिलिपिन्सका फिलग्यारेण्टीका वरिष्ठ उपाध्यक्ष सेल्सो गुटिअरेजले चर्चा गर्नु भयो ।

भारतको साना तथा मझौला उद्यम कोषकी व्यवस्थापक रिचा चौधरीले यस्ता ऋणले साना उद्यम र उनीहरूका सिर्जनात्मक तथा नवीनतम सोचहरूमा प्राण भर्ने काम गर्दै आएको धारणा व्यक्त गर्नु भयो । उहाँका अनुसार कोषको कार्यक्षेत्र भारतका ८५ प्रतिशतभन्दा बढी साना तथा मझौला उद्यमसम्म पुग्न र आर्थिक रूपमा सघाउन सक्ने किसिमको छ । निक्षेप तथा कर्जा सुरक्षण कोषकी प्रबन्धक मन्दिरा थपलियाले कोषले हालसम्म झन्डै १४ लाख ऋणीलाई डेढ अर्बभन्दा बढी नवीन

सोच र उद्यमलाई सघाएको बताउनु भयो ।

सम्मेलनको सातौं सत्रमा विभिन्न उद्यम र त्यसका लागि कर्जा सुनिश्चित गर्ने संस्था दुवैका लागि वित्तीय नवीनता, जोखिम व्यवस्थापन र आम्दानी बढाउन रणनीतिले खेल्ने भूमिकाबारे छलफल गरियो । सो क्रममा वक्ताहरुले प्रस्तावित उद्यम र लगानीकर्ता दुइटैलाई सघाउन र संभावित जोखिम कम गर्ने गरी मूल्यका नमुना निर्माण गर्ने तरिकामा छलफल गरेका थिए । कुमारी बैंकका प्रमुख डिजिटल बैंकिङ अधिकृत अनिश ताम्राकारले परियोजनाको संभाव्यता र मूल्य प्रणालीबीच सन्तुलन मिलाउन आवश्यक रहेको बताउनु भयो ।

'वित्तीय नवीनता, रणनीति तथा सिकाइमार्फत जोखिम व्यवस्थापन र आगामी बाटो' विषयक आठौं छलफलमा सहभागीले आर्थिक शिथिलता, प्राकृतिक प्रकोप र महामारीका बेला नवीनतम र स्टार्टअप उद्यममा हुने उच्च जोखिम व्यवस्थापनका उपायहरूबारे विचार राखेका थिए । जापान र दक्षिण कोरियाका कर्जा सुरक्षण संस्थाका प्रतिनिधिले उल्लेखित जोखिम कम गर्न तथ्यांकमा आधारित र मात्रात्मक तरिकाको प्रयोगसँगै वित्तीय संस्थासँग जोखिम सेयर गर्ने, भेन्चर ऋण

योजनालगायतका मोडलबारे चर्चा भयो । उनीहरुले स्थानीय सरकारमा आधारित कर्जा सुनिश्चितता गर्ने संस्था, कर्जाको पुनः सुनिश्चितता गर्न सकिने तरिका लगायत योजनामा सचेतना आवश्यक रहेको बताउनु भयो ।

कोरिया क्रेडिट ग्यारेन्टी फाउन्डेसनका प्रतिनिधिले प्रविधि नवीनतामा आधारित साना तथा मझौला उद्यमलाई सघाउन आफ्नो संस्थाको सक्रिय अभियानबारे जानकारी गराए । उनले कसरी संस्थाले धोखाधडी लगायत पूर्व जोखिम र व्यवसाय डुब्नेजस्ता अन्य जोखिमलाई प्रविधिको प्रयोग मार्फत कम गर्न सघाइरहेको बताए ।

“अनिश्चितताका बीच दिगो सुनिश्चितता सम्बन्धी कार्यक्रम निर्माण’ नामक सत्रमा प्राध्यापक सुरेश मानन्धरले बढ्दै गएको चुनौतीका बीच कर्जा सुनिश्चिततालाई दिगो बनाउने भन्नेमा जोड दिनु भयो । वक्ताहरूले आर्टिफिसियल इन्टेलिजेन्स

(एआई) प्रविधिबाट कर्जा सुनिश्चित गर्ने र कार्यक्रमलाई दीर्घकालीन बनाउनेमा जोड दिए ।

सम्मेलनको दशौं तथा अन्तिम सत्रका सहभागीहरूले ’इनोभेटिभ सोलुसन्सः फाइनान्सिङ फर नेचर’ विषयमा छलफलमा गरेका थिए । छलफलमा कृषि विकास बैंकका नायव महाप्रबन्धक बाबुकाजी थापाले हरित वित्त र पर्यावरण

अक्सिजनका प्रमुख कार्यकारी अधिकृत सिद्धान्तराज पाण्डेले नेपालमा साना तथा मझौला उद्योगको वृद्धिले नेपाली जनताको जीविकोपार्जनमा परिवर्तन ल्याएको र राष्ट्रिय अर्थतन्त्रको बलियो खम्बा बनेको उल्लेख गर्नु भयो । उहाँले ब्लेन्डेड फाइनान्स टुल्स लागू गरेर लगानीमा आमूल परिवर्तन

ल्याउनुपर्नेमा जोड दिनुभयो ।

विश्व बैंकका निजी क्षेत्रका प्रमुख विशेषज्ञ नताशा कपिलले साना तथा मझौला उद्योगलाई प्रोत्साहन गर्नुपर्ने र उर्जा किफायती प्रविधि अपनाउनुपर्ने धारणा राख्नु भयो । ‘साना तथा मझौला उद्योगहरूले राष्ट्रिय इकोसिस्टममा महत्वपूर्ण भूमिका खेलिरहेका र आधुनिक प्रविधिको प्रयोगले उनीहरूको उत्पादकत्व बढाउन सकिनेमा जोड दिनु भयो ।

सम्मेलनमा १५ एसियाली मुलुकका २० संस्थाहरूबाट करिब १४० जना सहभागी रहेका थिए । सम्मेलनलाई १० सत्रमा विभाजन गरी छलफल भएको थियो । सम्मेलनमा एसियाली राष्ट्रहरूमा सुरक्षण कारोबारको सुदृढीकरण, जोखिम न्यूनीकरण, समग्र क्षमता अभिवृद्धि र आपसी सहकार्य जस्ता प्रमुख विषयहरूमा छलफल भएको थियो । नवप्रवर्तन र हरित

संरक्षण आर्थिक लाभको नयाँ एकीकृत वित्तीय ढाँचा भएको बताउनु भयो । नेपालका बैंक तथा वित्तीय संस्थाले कृषि र वनमा आधारित उद्यममा केन्द्रित रही हरित वित्तलाई बढावा दिने उपायमा काम गर्नुपर्ने विचार उहाँले राख्नु भयो ।

वित्तमार्फत साना तथा मझौला उद्यमको प्रवर्द्धन गर्दै दिगो विकास लक्ष्य हासिल गर्ने प्रतिबद्धतासहित सम्मेलन असोज ९ गते समापन भयो ।

५१ औं वार्षिकोत्सव समारोह आयोजना

असोज ४ गते कोषले स्थापनाको ५१ वर्षमा प्रवेश गरेको अवसरमा होटल “द सोल्टी काठमाडौं” मा ५१ औं वार्षिकोत्सव कार्यक्रम आयोजना गरियो । माननीय उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णु प्रसाद पौडेलको प्रमुख आतिथ्यमा आयोजित सो कार्यक्रमलाई अर्थ सचिव एवं कोषको सञ्चालक समितिका अध्यक्ष डा.रामप्रसाद घिमिरेले अध्यक्षता गर्नु भएको थियो । नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले सो कार्यक्रममा विशेष अतिथिको रुपमा उपस्थिति जनाउन भएको थियो ।

कार्यक्रममा कोष सञ्चालक समितिका पूर्व तथा वर्तमान सदस्यहरु, कोषका पूर्व प्रमुख कार्यकारी अधिकृतहरु, विभिन्न सार्वजनिक संस्थानका कार्यकारी प्रमुखहरु, बैंकर्स एशोसिएसन नेपालका अध्यक्ष तथा पदाधिकारीहरु, बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत तथा प्रतिनिधिहरु, विश्व बैंक, एशियाली विकास बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष जस्ता विकास साझेदार संस्थाका प्रतिनिधिहरु, सञ्चारकर्मीहरु लगायतको उपस्थिति रहेको थियो । एसिया महादेशका कर्जा सुरक्षण कार्यक्रम सञ्चालन गर्ने संस्थाका प्रमुख प्रतिनिधिहरु कोषको वार्षिकोत्सव कार्यक्रममा विदेशी अतिथिको रुपमा सहभागी भएको थियो । कार्यक्रममा कोषका नायव प्रमुख कार्यकारी अधिकृत उषा पौडेलले स्वागत मन्तव्य राख्नु भयो ।



माननीय उपप्रधान मन्त्री तथा अर्थमन्त्री विष्णु प्रसाद पौडेलले प्रमुख अतिथिको रुपमा शुभकामना मन्तव्य राख्दै अर्थतन्त्रको विकास र विस्तारको लागि कर्जा प्रवाह हुन आवश्यक रहेको, कोषको कारण नवप्रवर्तन र स्टार्टअप कर्जालाई सहज भएको र नवप्रवर्तन र स्टार्टअप कर्जाको प्रवर्द्धनको लागि कोषले महत्वपूर्ण भूमिका खेलेको बताउनुका साथै, कोषले पर्याप्त धितो राख्न नसक्नेलाई पनि कर्जा लिन प्रोत्साहन गरिरहेको र यसले अर्थतन्त्रलाई सहज बनाउन भूमिका खेलेको जस्ता कार्यको प्रशंसा गर्नु भयो । सर्वसाधारणको निक्षेपको सुरक्षणको लागि कोषले प्रभावकारी भूमिका खेलेको र बचतकर्ताको मनोबल बढाउन सुरक्षण बिना सम्भव नरहेको बताउनु भयो। कार्यक्रममा कोषका प्रमुख कार्यकारी अधिकृत रमेश घिमिरेले कोषको ५१ वर्षे यात्रामा कोषले हासिल गरेका उपलब्धीहरुको बारे छोटकरीमा प्रस्तुत गर्नु भएको थियो ।

वार्षिक उत्सवको अवसरमा कोषमा सबैभन्दा बढी निक्षेप सुरक्षण गराउने तीनवटा संस्थाहरु राष्ट्रिय वाणिज्य बैंक, ग्लोबल आइएमई बैंक र एनआइसी एशिया बैंक तथा कर्जा सुरक्षण कार्यक्रममा आवद्ध भई कोषको व्यवसाय वृद्धिमा सहयोग पुऱ्याउने लघु वित्त तथा विपन्न वर्ग कर्जा सुरक्षण कार्यक्रम अन्तर्गत आवद्ध श्री नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लि. र नेशनल लघुवित्त वित्तीय

संस्था लि, सहुलियतपूर्ण कर्जा सुरक्षण कार्यक्रम अन्तर्गत आवद्ध श्री नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि र साना तथा मझौला उद्यम कर्जा सुरक्षण कार्यक्रम अन्तर्गत आवद्ध नेपाल एसबिआई बैंक लि.लाई प्रंशसापत्र प्रदान गरिएको थियो । गत आ.व.को कार्यसम्पादनको आधारमा छनोट गरी वरिष्ठ

कम्प्युटर सहायक श्री अर्जुन सिंह ठगुन्नालाई सर्वोत्कृष्ट कर्मचारी र प्रबन्धक श्री मन्दिरा थपलिया र मुख्य चालक श्री कृष्ण बहादुर थापालाई उत्कृष्ट कर्मचारी सेवा पुरस्कारद्वारा पुरस्कृत गरिएको थियो । साथै, स्टार्टअप उद्यम कर्जा सुरक्षण कार्यक्रम लागू गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नु भएका

औद्योगिक व्यवसाय विकास प्रतिष्ठानका कार्यकारी निर्देशक श्री उमेश कुमार गुप्तालाई कदरपत्र प्रदान गरिएको थियो । कार्यक्रममा समापन मन्तव्य राख्नु हुँदै राजश्व सचिव तथा कोषको सञ्चालक समितिका अध्यक्ष डा.रामप्रसाद घिमिरेले कोषलाई यहाँसम्म आइपुग्न सहयोग गर्ने सबैलाई साधुवाद र कृतज्ञता व्यक्त गर्नु भयो । कोषले ५१ वर्षको अवधिमा धेरै कुरा हासिल गरेको बताउनु हुँदै त्यो विकास दिगो हुनु पर्ने र त्यसका लागि कोषले आफ्नो समग्र संस्थागत क्षमतालाई अभिवृद्धि गर्नु पर्ने बताउनु भयो ।

कोष सञ्चालक समिति सदस्यमा परिवर्तन

नेपाल सरकार (सचिवस्तर)को मिति २०८१।०१।२१ गतेको निर्णय अनुसार कोषको सञ्चालक समितिको सदस्यमा कानुन, न्याय तथा संसदिय मामिला मन्त्रालयका सहसचिव **श्री विनोद प्रसाद भट्टराई**ज्यूलाई नियुक्त गरिएको छ । यस अघि उक्त स्थानमा यसै मन्त्रालयका सहसचिव श्री अरुणा जोशीले प्रतिनिधित्व गर्नु भएको थियो ।



मिति २०८१।०२।२५ गतेदेखि लागू हुने गरी नेपाल राष्ट्र बैंकको तर्फबाट कोषको सञ्चालक समितिको सदस्यमा नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक **श्री सुमन कुमार अधिकारी**ज्यूलाई नियुक्त गरिएको छ । यस अघि उक्त स्थानमा यसै बैंकका कार्यकारी निर्देशक श्री नरेश शाक्यले प्रतिनिधित्व गर्नु भएको थियो।

नेपाल सरकार (माननीय उपप्रधान तथा अर्थमन्त्रीस्तर) को मिति २०८१/०५/२० को निर्णयानुसार कोषको सञ्चालक समितिको सदस्यमा अर्थ मन्त्रालयका सहसचिव **श्री उत्तर कुमार खत्री**ज्यूलाई नियुक्त गरिएको छ । यस अघि उक्त स्थानमा यसै मन्त्रालयका सहसचिव श्री थान प्रसाद पंज्ञानीले प्रतिनिधित्व गर्नु भएको थियो ।

औद्योगिक व्यवसाय विकास प्रतिष्ठानको सहयोगमा कोषको अन्तरक्रियात्मक कार्यक्रम

औद्योगिक व्यवसाय विकास प्रतिष्ठानको सहयोगमा निक्षेप तथा कर्जा सुरक्षण कोषले २०८१ जेष्ठ २५ गते होटल रोयल सिङ्गीमा आधा दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको थियो। नविन सुरक्षण कार्यक्रमहरुमार्फत सूचना प्रविधि क्षेत्रको वृद्धि गरी नेपाल सरकारको सुचना प्रविधि नीतिलाई आत्मसाथ गर्ने अभिप्रायले आयोजित उक्त कार्यक्रममा औद्योगिक व्यवसाय विकास प्रतिष्ठानको तर्फबाट ई. उमेश कुमार गुप्ता, नास आईटीका प्रमुख, क्यान फेडेरेशनका विभिन्न पदाधिकारीहरु,

काठमाडौं महानगरपालिका कर्मचारी, बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारीहरु तथा उच्च पदस्थ कर्मचारीहरु, सुचना प्रबिधि कम्पनीका सञ्चालक तथा कर्मचारीहरु, कोषका प्रमुख कार्यकारी अधिकृत, नायब प्रमुख कार्यकारी अधिकृत तथा अन्य कर्मचारीहरु लगायत विभिन्न मिडिया हाउसका मिडियाकर्मीहरु गरी ९० जनाको सहभागीता रहेको थियो । प्रबन्धक मन्दिरा थपलियाले कार्यक्रम सञ्चालन गर्नु भएको थियो ।

कार्यक्रममा कोषका प्रमुख कार्याकारी अधिकृत रमेश घिमिरेले आइसब्रेक गर्दै कोषले प्रस्ताव गरेको सूचना प्रविधि सम्बन्धी तीन ओटा कार्यक्रमहरुको बारेमा जानकारी गराउनु भयो । औद्योगिक व्यवसाय विकास प्रतिष्ठानका ई. उमेश कुमार गुप्ताले समग्र कार्यक्रमको सारसहित कार्यक्रम शुरुवातको पृष्ठभूमि तथा प्रतिष्ठानको जानकारीसहित कार्यक्रम नतिजामूखी हुने कुरामा विश्वास दिलाउनु भयो ।

सहभागीहरुबाट प्राप्त सुझावहरुलाई मनन् गर्दै सुरक्षण कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न कोष कटिबद्ध रहेको र सूचना प्रविधि कम्पनी र बैंक वित्तीय संस्थाहरुको सुझाव तथा सहयोग सधैं कोषका लागि अपरिहार्य रहने हुंदा सहयोगको सदैव अपेक्षा सहित कार्यक्रमको सन्दर्भमा पुन: छलफल गर्ने प्रतिवद्धतासहित कार्यक्रम समापन भयो ।

लघुवित्त तथा वित्तीय संस्थाका उच्च पदाधिकारीहरुसँग कोषको अन्तरक्रियात्मक कार्यक्रम

लघुवित्त तथा वित्तीय संस्थाहरुका उच्च ओहदाका कर्मचारीहरुसँग कोषको आधा दिने अन्तरक्रियात्मक कार्यक्रम २०८१ असार २१ गते भक्तपुरको होटल हेरिटेजमा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा बैंक वित्तीय संस्थाका प्रमुख कार्यकारीहरु तथा उच्च पदस्थ कर्मचारीहरु, कोषका प्रमुख कार्यकारी अधिकृत, नायब प्रमुख कार्यकारी अधिकृत तथा अन्य कर्मचारीहरु लगायत विभिन्न मिडिया हाउसका मिडियाकर्मीहरु गरी ५० जनाभन्दा बढीको सहभागीता रहेको थियो ।

कोषका अधिकृत दिनेश कोइरालाले सञ्चालन गरेको उक्त कार्यक्रममा कोषका प्रबन्धक मन्दिरा थपलियाले सहभागीहरुलाई कोषको संक्षिप्त परिचय दिँदै कोषद्वारा सञ्चालित पुराना तथा

नवीन कार्यक्रमरुको बारेमा जानकारी गराउनु भएको थियो। साथै सहभागीहरुबाट आएका विविध टीका टिप्पणीहरुको बारेमा कोषका प्रमुख कार्यकारी अधिकृत रमेश घिमिरेले थप प्रष्ट पार्नु भएको थियो र सहभागीहरुबाट प्राप्त सुझाबहरुलाई मनन गर्दै सुरक्षण कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न कोष कटिबद्ध रहेको र वित्तीय संस्थाहरुको सुझाव तथा सहयोग सधैं कोषका लागि अपरिहार्य रहने हुँदा सहयोगको सदैव अपेक्षासहित कार्यक्रम समापन भएको थियो ।

एसिकको ३२ औँ तालिम कार्यक्रममा सहभागिता

जापानको कर्जा सुरक्षण गर्ने संस्था Japan Finance Corporation (JFC) र Japan Federation of Credit Guarantee Corporations(JFG) ले एशिकको ३२ औं तालिम कार्यक्रम जापानको टोकियो शहरमा सेप्टेम्बर २

देखि ६, २०२४ मा आयोजना गरेको थियो । सो कार्यक्रममा कोषका नायव प्रबन्धक नविन भट्टराई, अधिकृत कमला पौडेल, अधिकृत दिनेश कोइराला, सहायक कम्प्युटर अधिकृत राजु के.सी. र कम्प्युटर सहायक रमिता कुमारी शाहले सहभागिता जनाउनु भएको थियो । "Unique Initiatives Based on Recent Economic Situations, etc. Pursuing

sustainability and best practices for SMEs through the Credit Supplementation System" विषयक कार्यक्रममा आयोजक संस्था Japan Finance Corporation (JFC) र Japan Federation of Credit Guarantee Corporations(JFG) का प्रतिनिधिहरु समेत विभिन्न १४ वटा देशका ६५ जना प्रतिनिधिहरुको सहभागिता रहेको थियो । कार्यक्रममा सहभागीहरुले कसरी ऋण पूरक प्रणाली र अद्वितीय राष्ट्रिय पहलहरुले SMEs को वृद्धिलाई कसरी समर्थन गरको छ, विश्वव्यापी आर्थिक चुनौतीहरु, त्यस्का दिगो वित्तीय समाधानहरु, कर्जा सुरक्षण योजना र एशिया-प्रशान्त क्षेत्रका MSMEs को विकास विषयमा कार्यपत्रहरु प्रस्तुत गरेका थिए ।

IADI-EARC को वार्षिक बैठक कार्यक्रममा सहभागिता

International Association of Deposit Insurer -IADI को क्षेत्रीय समिति Africa Regional Technical Committee को वार्षिक सभा र अन्तर्राष्ट्रियस्तरीय कार्यशाला घानाको राजधानी आक्रामा मिति २०८१ श्रावण १ देखि श्रावण ४ गतेसम्म आयोजना भएको थियो । Ghana Deposit Protection Corporation ले आयोजना गरेको उक्त कार्यक्रममा कोषको तर्फबाट नायव प्रमुख कार्यकारी अधिकृत उषा पौडेल र अधिकृत रुमा गुरुङ्गले सहभागिता जनाउनु भएको थियो । Expanding the Role of Deposit Insurers in Bank Resolution विषयक चार दिने कार्यशालामा सहभागीहरुले आफ्नो देशमा निक्षेप बीमा कार्यक्रममा बैंकहरुको रिजुलेशनमा निक्षेप बीमाकर्ताहरुको

भूमिका विस्तारका वारेमा कार्यपत्रहरु प्रस्तुत गरेका थिए । कार्यक्रममा घानाको आयोजक संस्था Ghana Deposit Protection Corporation (GDPC) का प्रतिनिधिहरु, Bank of Ghana का प्रतिनिधिहरु, घानाको Ministry of Finance का प्रतिनिधिहरु र IADI का प्रतिनिधिहरु लगायत अन्य २३ वटा देशका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

कोषको वार्षिक प्रकाशन "सञ्जिवनी" प्रकाशन

कोषको वार्षिक प्रकाशनलाई निरन्तरता दिदैं यो वर्ष पनि वार्षिकोत्सवको अवसरमा "सञ्जिवनी" को तेस्रो संस्करण विभिन्न लेख तथा रचनाहरु समावेश गरी प्रकाशन गरियो । ५१औं वार्षिकोत्सव समारोहमा वार्षिक प्रकाशन "सञ्जिवनी" को विभूषण माननीय उपप्रधानमन्त्री एवं विष्णु प्रसाद पौडेल

ज्यू, नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीज्यू र कोषका अध्यक्ष तथा अर्थ सचिव डा. राम प्रसाद घिमिरेज्यूबाट सामूहिक रुपमा गर्नु भएको थियो ।

तालिम कार्यक्रमको आयोजना

कोषको वार्षिक नीति तथा कार्यक्रममा भएको "मानव संशाधनको विकासका लागि आन्तरिक तथा बाह्य तालिम तथा स्थलगत अध्ययन अवलोकन भ्रमण, शैक्षिक अध्ययन आदिको व्यवस्था गर्ने" भन्ने व्यवस्था बमोजिम कोषका केन्द्रीय कार्यालयका सम्पूर्ण कर्मचारीहरु र शाखा कार्यालयका कार्यालय प्रमुखहरुको सहभागितामा Team Building सम्बन्धी तालिम कार्यक्रम मिति २०८१ जेष्ठ ११ र १२ गते मूलकोटमा आयोजना गरिएको थियो । यसै गरी विभिन्न संस्थाहरुले आयोजना गरेको तालिम कार्यक्रममा पछिल्लो ६ महिनामा देहाय बमोजिमका कर्मचारीहरु सहभागी हुनु भएको थियो ।

क्र.सं.	तालिमको विवरण	आयोजक संस्था	सहभागी कर्मचारी
१	Cyber Securities for End users	Growth Leadership Academy Pvt. Ltd.	वरिष्ठ क. सहायक अर्जुन सिंह ठगुन्ना
			कम्प्युटर सहायक रमिता कुमारी शाह
			कम्प्युटर सहायक गजेन्द्र प्रसाद यादव
२	Total Performance Management	Growth Leadership Academy Pvt. Ltd	नायव प्रबन्धक विदुर पराजुली
			अधिकृत दिनेश कोइराला
३	Expert Panel Discussion on Impact of Finance Bill 2081 on Various Sectors	The Association of Chartered Accountants of Nepal	प्रबन्धक विनोद पन्त
			अधिकृत कमला पौडेल
			प्रधान सहायक विनोद जि.सी.
४	VAT & Tax Along with Changes Made by Finance bill 2081	Institute of Banking & Corporate Management	सहायक सुरेन्द्र प्रसाद भट्ट
			सहायक डिल्लीराम लम्साल
५	Leadership Excellence for Women Managers	Nepal Administrative Staff College	प्रबन्धक मन्दिरा थपलिया
६	Human Resources Management	Shrawan Kumar Support Pvt.Ltd	नायव प्रबन्धक बिदुर पराजुली
७	Devops Course Training	Nine Solution Private Ltd.	स.कम्प्युटर अधिकृत राजु के.सी
८	Training Program on Store Inventory and Assests Management	Smart Private Ltd.	सहायक अधिकृत अन्जना खनाल
			सहायक डिल्लीराम लम्साल
९	Positive Attitude And Stress Management	Nepal Yoga Institute & Retreat P.Ltd	नायव प्रबन्धक नबिन भट्टराई
			प्रधान सहायक सबिता दाहाल
			प्रधान सहायक चोलाकान्त सुवेदी
			प्रधान सहायक पुष्पा भट्ट
			प्रधान सहायक सिता खड्का
			सहायक संगिता खड्का

कर्जा तथा पशुधन सुरक्षण सम्बन्धी गोष्ठी

कर्जा सुरक्षण कार्यक्रमको बजार प्रवर्द्धन तथा विस्तारको कार्यलाई निरन्तरता दिन र सुरक्षण कार्यक्रमबाट सिर्जित लाभका सम्बन्धमा बैंक तथा वित्तीय संस्थालाई सुसूचित गर्ने तथा बजारको सुरक्षण आवश्यकता, मौजुदा कार्यक्रमहरुमा रहेका समस्या पहिचान गरि सोको निराकरणका लागि राय सुझाव संकलन गर्ने उद्देश्यले मिति २०८१ वैशाख २० गते

पोखरामा कोषका प्रमुख कार्यकारी अधिकृत, कोषका कर्मचारी र पोखरा फाइनान्स, ग्लोबल आई.एम.ई लघुवित्त, ग्रिन डेभलमेण्ट बैंक लगायतका प्रतिनिधिहरुको उपस्थितिमा एक दिने अन्तरक्रियात्मक गोष्ठी कार्यक्रम सञ्चालन गरियो ।

यसैगरी कर्णाली प्रदेश सरकारका सम्बन्धित निकाय र स्थानीय तहसँग छलफल तथा अन्तरक्रिया गर्ने उद्देश्यले मिति २०८१ जेष्ठ ६ गते सुर्खेतमा कोषका प्रमुख कार्यकारी अधिकृत, कोषका कर्मचारी र कर्णाली प्रदेशमा रहेका सहकारी संस्थाका

उच्च पदस्थ पदाधिकारीहरु साथै प्रदेश र स्थानीय तहका पदाधिकारीहरुको उपस्थितिमा एक दिने अन्तरक्रियात्मक गोष्ठी कार्यक्रम सञ्चालन गरियो ।

त्यसैगरी मधेश प्रदेशमा केन्द्रीय कार्यालय भएका तथा प्रदेशिक कार्यालय भएका बैंक तथा वित्तीय संस्थाका उच्च व्यवस्थापनसँग अन्तरक्रिया गर्ने उद्देश्यले मिति २०८१ जेष्ठ ३१ गते जनकपुरमा एक दिने बजार प्रवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन गरियो ।

विभिन्न बैंक तथा वित्तीय संस्थाहरुसँगको कर्जा सुरक्षण सम्झौता

कोषले सञ्चालन गर्दै आएको कर्जा सुरक्षण कार्यक्रम अन्तर्गतका विभिन्न सुरक्षण कार्यक्रमहरुमा कोष र बैंक तथा वित्तीय संस्थाहरु बीच सम्झौता भएको छ ।

क.स	बैंक तथा वित्तिय संस्था	कर्जा सुरक्षण कार्यक्रम	सम्झौता मिति
१	चेतना सामाजिक उद्यमी सहकारी संस्था लि.	पशुधन सुरक्षण	२०८१/०२/०६
२	कालिका लघुवित्त तथा वित्तीय संस्था लि.	लघु वित्त तथा विपन्न वर्ग कर्जा	२०८१/०२/२१
३	कालिका उपभोक्ता सहकारी संस्था लि. बुटवल	पशुधन सुरक्षण	२०८१/०३/०९
४	सम्पदा लघुवित्त तथा वित्तीय संस्था लि.	लघु वित्त तथा विपन्न वर्ग कर्जा	२०८१/०३/३०
५	मातृभूमि लघुवित्त तथा वित्तीय संस्था लि.	लघु वित्त तथा विपन्न वर्ग कर्जा	२०८१/०४/१६
६	जनजन्नी बचत तथा ऋण सहकारी संस्था लि., धनुषा	पशुधन सुरक्षण	२०८१/०६/०८

पत्रपत्रिकाबाट

रातोपाटी
सबैको, सबैभन्दा राम्रो
आइतबार, ०४ कात्तिक २०८१

कर्जा सुरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन नेपालमा हुँदै

रातोपाटी संवाददाता | बिहीबार, ०३ असोज २०८१, ११ : ४१

निक्षेप तथा कर्जा सुरक्षण कोष
Deposit & Credit Guarantee Fund

काठमाडौँ । नेपालमा कर्जा सुरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन हुने भएको छ । निक्षेप तथा कर्जा सुरक्षण कोषको आयोजनामा शनिबार राजधानीस्थित एक होटेलमा उक्त कार्यक्रम आयोजना हुन लागेको हो ।

अर्थ पथ
ARTHAPATH.COM BUSINESS NEWS PORTAL
४ आश्विन २०८१, शुक्रबार

गभर्नरले किन भने-'बैंक डुब्न लाग्यो भने हस्तक्षेप गर्न सक्नुपर्छ ?'

अर्थ पथ
प्रकाशित मिति : ४ आश्विन २०८१, शुक्रबार

काठमाडौं । नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले 'कुनै बैंकमा समस्या आइहाल्यो भने पनि त्यसमाथि हस्तक्षेप गरेर परिस्थिति नियन्त्रणमा लिनसक्ने गरी निक्षेप बीमा योजनालाई परिस्कृत गर्न आवस्यक भएको' औंल्याएका छन् ।

काठमाडौंमा सुरु भएको एसियाली देशका सुरक्षण संस्थाहरु (एसिक)को ३६ औं अन्तरराष्ट्रिय सम्मेलन समुदघाटन समारोहलाई सम्बोधन गर्दै गभर्नर अधिकारीले यस्तो बताएका हुन् ।

BFIS NEWS

निक्षेप तथा कर्जा सुरक्षण कोषकै कारण विपन्न वर्गका मानिसले ऋण पाउने अवस्था आएको हो, सिइओ घिमिरेसँगको अन्तर्वार्ता

अरुण सापकोटा | 2024 May Sat 16:04

काठमाडौं । सर्वसाधारणको निक्षेप र कर्जाको संरक्षण गरी देशको आर्थिक विकासको निमित्त बैंकिङ तथा वित्तीय प्रणाली प्रतिको विश्वसनीयता अभिबृद्धि गर्न सरकारले ५० वर्ष अगाडि निक्षेप तथा कर्जा सुरक्षण कोषको स्थापना गरिएको थियो । सर्वसाधारणको आर्थिक संरक्षण सम्बर्द्धन गर्नुका साथै सर्वसाधारण र बैंकहरुको विश्वास बढाउन यसको सबैभन्दा ठूलो भुमिका रहेको हुन्छ ।

---

insurancekhabar
for insurance awareness
४ कार्तिक २०८१, आईतवार (Oct 20, 2024) १५ : ३१ : ३९

कर्जा सुरक्षण सेवाका कारण आज ठूलो संख्यामा साना व्यवसायी स्थापित हुन पुगेका छन्: अर्थमन्त्री

इन्स्योरेन्स खबर
प्रकाशित मिति : ४ आश्विन २०८१, शुक्रबार २०:०२

काठमाडौं । उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसा पौडेल कर्जा सुरक्षण सेवाका कारण आज ठूलो संख्यामा साना व्यवसायीहरु स्थापित हुन पुगेको बताएका छन्।

निक्षेप तथा सुरक्षण कोषले आज आयोजना गरेको 'एसियज क्रेडिट सप्लिमेन्टेसन इन्स्टयुसन कन्फेडेरेसन (एसीएसआईसी)को ३६ औं सम्मेलनको उद्घाटन सत्रमा अर्थमन्त्री पौडेलले यस्तो धारणा राखेका हुन्। उनले यसले बचतकर्ताको मनोबल अभिवृद्धि भई पुँजी परिचालन गर्न सहयोग पुगेको तथ्य सबैको सामु छर्लङ रहेको बताए। 'सुरक्षणको प्रबन्ध विना यो संभव हुने थिएन', उनले भने।

BANKING Khabar.com

फिटो, रसिलो, विश्वासिलो सहकारीमा पैसा दिए जस्तो

मुख्य पेज | राष्ट्र बैंक | बैंकिङ खबर | अन्तर्वार्ता | प्रविधि | वित्तीय साक्षरता | बीमा | शेयर बजार | विशेष | दस्तावेज | बैंकिङ सूचना | बैंकिङ शैली | ENGLISH

July 6th, 2024

लघुवित्तका उच्च ओहदाका कर्मचारीसँग अन्तरक्रिया

बैंकिङ खबर/ नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतप्राप्त लघुवित्त वित्तीय संस्थाहरुका उच्च ओहदाका कर्मचारीहरुको आधा दिने अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न भएको छ ।

प्रोफाइल

लघुवित्तको जागिर : भविष्यको चिन्ता

दृष्टिकोण

नेपालको नविन बैंकिङ प्रणाली र यसका वर्तमान चुनौतीहरु

बैंकिङ मुभमेन्ट

purbelipress

आइतबार, कार्तिक ४ २०८१ १५ : ५७ : ४१

गृहपेज | समाचार | राजनीति | अन्तर्वार्ता | प्रदेश | अर्थ | विचार/ब्लग | मनोरञ्जन | खेल

प्रदेशमा रोजगारी सिर्जना गर्न समझदारी

पूर्वेली प्रेस बिहिबार, साउन १७ २०८१

विराटनगर/ निक्षेप तथा कर्जा सुरक्षण कोष काठमाडौं र कोशी प्रदेश सरकारबिच विभिन्न उधमशिलता र रोजगारमुलक व विषयमको समझदारीपत्रमा बिहीबार हस्ताक्षर भएको छ ।

कोशी प्रदेश सरकारका मुख्यमन्त्री हिक्मत कुमार कार्कीको उपस्थितिमा कोषका कार्यकारी अधिकृत रमेशकुमार घिमिरे र कार्यलयका उपसचिव अर्जुनकुमार निरौलाले हस्ताक्षर गर्नुभयो ।

BUSINESS पाना.com

BUSINESS | MARKET | BANKING | INSURANCE | OPINION | UPDATE | MORE

HOME › MORE › UPDATE

डीसीजीएफको आयोजनामा ३० वर्षपछि नेपालमा एसीकको सम्मलेन हुँदै

BusinessPana September 4, 2024 | 1:55 PM

YouTube NP

Search

उत्पादनमा कोष अहिले फोकस छ, हरेक खातावालको ५ लाख बिमा: Ramesh Ghimire || Jeevan Khadka ||

Himalaya TV
1.42M subscribers

Subscribe

Like

Share

onlinekhabar
२३ मंसिर २०८१, आइतबार

सकियो 'एसिक' सम्मेलन, नवप्रवर्तन र हरित वित्तमा जोड

अनलाइनखबर २०८१ असोज ७ गते १९:४९

७ असोज, काठमाडौं । नवप्रवर्तन र हरित वित्तमा जोड दिँदै एसियाली क्रेडिट सपोर्ट एन्ड इनोभेसन कन्फरेन्स (एसिक) को ३६औं सम्मेलन काठमाडौंमा सम्पन्न भएको छ ।

नवप्रवर्तन, हरित वित्तमार्फत साना तथा मझौला उद्यम प्रवर्द्धन गर्दै दिगो विकास लक्ष्य हासिल गर्ने प्रतिबद्धता

हाम्रोमत
आइतबार, ०४ कार्तिक, २०८१ दिउँसोको ३:१७ बजे

कोशी प्रदेशमा रोजगारी सिर्जना गर्न समझदारी

हाम्रोमत 54 Shares

बिराटनगर । निक्षेप तथा कर्जा सुरक्षण कोष काठमाडौं र कोशी प्रदेश सरकारबीच विभिन्न उद्यमशिलता र रोजगारमुलुक कार्यक्रम गर्ने विषयको समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

सत्कार खबर
२०८१ कात्तिक ४, आइतबार (Oct 20, 2024)

एसियाली क्रेडिट सपोर्ट एन्ड इनोभेसन सम्मेलन सम्पन्न, हरित वित्त र नवप्रवर्तनमा जोड

सत्कार खबर संवाददाता २०८१ असोज ९, बुधवार 821 SHARES

काठमाडौं : काठमाडौंमा सम्पन्न एसियाली क्रेडिट सपोर्ट एन्ड इनोभेसन कन्फरेन्स (एसिक) को ३६औं सम्मेलनले नवप्रवर्तन र हरित वित्तलाई साना तथा मझौला उद्यम (SMEs) प्रवर्द्धनको माध्यमका रूपमा प्रस्तुत गर्दै दिगो विकास लक्ष्य (SDG) हासिल गर्ने प्रतिबद्धता व्यक्त गरेको छ। सम्मेलनको अन्तिम सत्रमा

फरकपत्र
आइतबार, कार्तिक ४ २०८१

औद्योगिक व्यवसाय विकास प्रतिष्ठानको सहयोगमा निक्षेप तथा कर्जा सुरक्षण कोषको अन्र्तक्रिया सम्पन्न

फरकपत्र संवाददाता शनिबार, जेठ २६, २०८१ 7.6K Shares

२६ जेठ, काठमाडौं । औद्योगिक व्यवसाय विकास प्रतिष्ठानको सहयोगमा निक्षेप तथा कर्जा सुरक्षण कोषले शुक्रबार आधा दिने अन्र्तक्रिया कार्यक्रम सम्पन्न गरेको छ ।

Sunday, October 20, 2024
हाम्रो अर्थ
विवरण तपाईंको, निगरानी हाम्रो

१६ देशका निक्षेप तथा कर्जा सुरक्षण संस्थाको सम्मेलन हुँदै, नयाँ सोचलाई धितो राख्न मिल्ने विषयमा छलफल हुने

हाम्रो अर्थ २०८१ असोज, ३ - मा प्रकाशित

काठमाडौं । एसियाका विभिन्न १६ देशका निक्षेप तथा कर्जा सुरक्षण गर्ने निकायको भेला नेपालमा हुने भएको छ ।

शुक्रबारदेखि राजधानीमा सुरु हुने एसियाली देशका सुरक्षण संस्थाको सम्मेलन९एसिक कन्फ्रेन्स०मा ती देशका सरकारी निकाय सहभागी हुनेछन् । ३६औं एसिक सम्मेलन नेपालले ३० वर्षपछि गर्न लागेको हो ।

नयाँ पत्रिका
वि.सं २०८१ असोज ६ आइतबार Wednesday, 23 October, 2024

अर्थ प्रिन्ट संस्करण

'उद्यमशीलताका लागि कर्जा सुरक्षण अत्यावश्यक'

उद्यमशीलता तथा रोजगारी वृद्धिका लागि कर्जा सुरक्षण अत्यावश्यक रहेको विज्ञहरूले बताएका छन्। शु सुरु भएको एसियाली सुरक्षण संस्था (एसिक)हरूको ३६औं सम्मेलनमा वक्ताहरूले नवप्रवर्तन र उ विकासमा कर्जा सुरक्षण महत्वपूर्ण हुने धारणा राखेका हुन्।

अर्थ लगानी

उद्यमशीलताका लागि कर्जा सुरक्षण अत्यावश्यक

अर्थलगानी २०८१ आश्विन ६, आइतबार

काठमाडौं । उद्यमशीलता र रोजगारीको विकासका लागि कर्जा सुरक्षण अत्यावश्यक रहेको कुरामा विज्ञहरूले स… जनाएका छन्। शुक्रबारदेखि सुरु भएको एसियाली सुरक्षण संस्था (एसिक) हरूको ३६औं सम्मेलनको दोस्रो दिन… विषयमा गहन छलफल भएको हो ।

Biznesskhabar.com

'उद्यमशीलताका लागि कर्जा सुरक्षण अत्यावश्यक'

By Bizness Khabar — September 22, 2024

काठमाडौं, ६ असोज । उद्यमशीलता तथा रोजगारी वृद्धिका लागि कर्जा सुरक्षण अत्यावश्यक रहेको विज्ञहरूले बताएका छन् । शुक्रबारदेखि सुरु भएको एसियाली सुरक्षण संस्था (एसिक) को ३६ औं सम्मेलनको दोस्रो दिन शनिबार वक्ताहरूले नवप्रवर्तन र उद्यमशीलता विकासमा कर्जा सुरक्षण महत्वपूर्ण हुने धारणा राखेका हुन् ।

biz खबर

निक्षेप तथा कर्जा सुरक्षण कोषको आयोजनामा आधा दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न

औद्योगिक व्यवसाय विकास प्रतिष्ठानको सहयोगमा निक्षेप तथा कर्जा सुरक्षण कोषले आधा दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । नविन सुरक्षण कार्यक्रमहरु मार्फत सुचना प्रविधि क्षेत्रको वृद्धि गरी नेपाल सरकारको सुचना प्रविधिनीतिलाई आत्मसाथ गर्ने अभिप्रायले होटल रोयल सिङ्गीमा गत शुक्रबार उक्त कार्यक्रम सम्पन्न भएको हो ।

BIZPATI.COM हरेक खबरमा आर्थिक कोण

दाबि भुक्तानी छिटो छरितो बनाउन कर्जा सुरक्षण कोषलाई लघुवित्तकर्मीको सुझाव

MICROFINANCE — बिजपाटी संवाददाता, Jul 06, 2024 | 09:24:17 PM मा प्रकाशित

निक्षेप तथा कर्जा सुरक्षण कोषले लघुवित्तका प्रतिनिधिहरुसंग आधा दिने अन्तरकृयात्मक कार्यक्रम सम्पन्न गरेको छ। नवीन कर्जा सुरक्षण कार्यक्रमहरु मार्फत लघु उद्यमीहरुको प्रवर्धन गरी अर्थतन्त्रमा टेवा पुऱ्याउने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको जनाइएको छ।

KHABARHUB

कोशी प्रदेशमा रोजगारी सिर्जना गर्न समझदारी, एक हजारले अवसर पाउने

खबरहब, १७ श्रावण २०८१, बिहीबार

विराटनगर- निक्षेप तथा कर्जा सुरक्षण कोष काठमाडौं र कोशी प्रदेश सरकारबीच उद्यमशीलता र रोजगारमुलक कार्यक्रमका लागि समझदारीपत्रमा बिहीबार हस्ताक्षर भएको छ ।

कोशी प्रदेश सरकारका मुख्यमन्त्री हिक्मतकुमार कार्कीको उपस्थितिमा कोषका कार्यकारी अधिकृत रमेशकुमार घिमिरे र मुख्यमन्त्री कार्यलयका उपसचिव अर्जुनकुमार निरौलाले हस्ताक्षर गरे ।

annapurna

कोशीमा उद्यमशीलता र रोजगारमूलक कार्यक्रम गर्ने समझदारी

विराटनगर : कोशी प्रदेशमा विभिन्न उद्यमशीलता र रोजगार मूलक कार्यक्रम गर्ने समझदारी बिहीबार भएको छ। निक्षेप तथा कर्जा सुरक्षण कोष काठमाडौं… सरकारबीच द्विपक्षीय सम्झौता भएको हो।

हिमालय टाइम्स

एसिक सम्मेलन सम्पन्न

साना तथा मझौला उद्यम प्रवर्द्धनमा जोड

हिमालय टाइम्स, Tuesday September 24, 2024

काठमाडौं । आर्थिक विकासका लागि नवप्रवर्तन भन्ने नाराका साथ आयोजित… कन्फेरेन्स(एसिक)को ३६औं सम्मेलन नवप्रवर्तन, हरित वित्तमार्फत् साना तथा मझौला… हासिल गर्ने प्रतिबद्धतासहित सम्पन्न भएको छ ।

सञ्चारपाटी

प्रदेशमा रोजगारी सिर्जना गर्न समझदारी

सञ्चारपाटी संवाददाता / साउन १७, २०८१

विराटनगर । निक्षेप तथा कर्जा सुरक्षण कोष काठमाडौं र कोशी प्रदेश सरकार बिच विभिन्न उद्यमशीलता र रोजगार मुलक कार्यक्रम गर्ने विषयको समझदारी पत्रमा हस्ताक्षर भएको छ । कोशी प्रदेश सरकारका मुख्यमन्त्री हिक्मत कुमार कार्कीको उपस्थितिमा बिहीबार कोषका कार्यकारी अधिकृत रमेशकुमार घिमिरे र मुख्यमन्त्री कार्यालय…

हार्दिक श्रद्धाञ्जली

जन्ममिति
वि.सं. २००९/०३/१५

स्वर्गारोहण
वि.सं. २०८१/०४/१५

स्व. जगदीश कुमार चालिसे

यस कोषका पूर्व नायब महाप्रबन्धक **श्री जगदीश कुमार चालिसेज्यू**को मिति २०८१/०४/१५ गते असामयिक स्वर्गारोहण भएकोले दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

रमेश घिमिरे
प्रमुख कार्यकारी अधिकृत
एवं निक्षेप तथा कर्जा सुरक्षण कोष परिवार
टंगाल, काठमाडौं

हार्दिक श्रद्धाञ्जली

स्व. गोपाल प्रसाद काफ्ले

यस कोषका पूर्व अध्यक्ष **श्री गोपाल प्रसाद काफ्लेज्यू**को मिति २०८१/०४/२१ गते असामयिक स्वर्गारोहण भएकोले दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

रमेश घिमिरे
प्रमुख कार्यकारी अधिकृत
एवं निक्षेप तथा कर्जा सुरक्षण कोष परिवार
टंगाल, काठमाडौं

प्रकाशक
निक्षेप तथा कर्जा सुरक्षण कोष
टंगाल, काठमाडौ

सल्लाहकार
श्री रमेश घिमिरे,
प्रमुख कार्यकारी अधिकृत

सम्पादक समूह
श्री रुमा गुरुङ
श्री अच्युत पन्त

डिजाइन/लेआउट
श्री श्याम कृष्ण शाही

निक्षेप तथा कर्जा सुरक्षण कोष

Deposit & Credit Guarantee Fund

(नेपाल सरकारको पूर्ण स्वामित्वमा स्थापित)

"ऋण र धन, दुबैको सुरक्षण"

केन्द्रीय कार्यालय, टंगाल, काठमाडौं
फोन नं: ०१-४५१०६५९, ४५१०१२७, ४५३१७१०
E-mail: info@dcgf.gov.np
Website: www.dcgf.gov.np



शाखा कार्यालयहरु:

कोशी प्रदेश, बिराटनगर
फोन नं: ०२१-४६४१२४

मधेश प्रदेश, जनकपुर
फोन नं: ०४१-५९०५२७

बागमती प्रदेश, भरतपुर
फोन नं: ०५६-४९३८२८

गण्डकी प्रदेश, पोखरा
फोन नं: ०६१-५८८६६९

लुम्बिनी प्रदेश, बुटवल
फोन नं: ०७१-४१५१६२

कर्णाली प्रदेश, सुर्खेत
फोन नं: ०८३-४१२११३

सुदुरपश्चिम प्रदेश, धनगढी
फोन नं: ०९१-५२५०००